STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

वर्ष २३ | अङ्क २८ | श्रेणी क्षेत्रीय 'क' | २०७८ माघ २८ गते शुक्रबार | 11 Feb. 2022 | पृष्ठ ४ | मूल्य रू. ५।-

## वन पैदावारको उपयोग गर्ने खालको वन ऐन बन्छ–मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले वन पैदावारको उपयोग गर्ने खालको प्रदेश वन ऐन निर्माण गरिने बताउनु भएको छ।



सामुदायिक वन उपभोक्ता महासंघ गण्डकी प्रदेशद्धारा वन अधिकार सुनिश्चितताको माग गर्दै संकलन गरिएको हस्ताक्षर व्यानर हस्तान्तरण कार्यक्रममा उहाँले सरोकारवालसंगको छलफलबाट प्रदेश वन ऐनलाई व्यवहारिक र सरल बनाईने विश्वास व्यक्त गर्नुभयो । प्रदेश अन्तर्गतका कतिपय जिल्लाका सामुदायिक वनमा रहेका ढलापडा रुखलाई निकासीमा लगाइएको प्रतिवन्दको कारण जङगलमै नष्ट भएर खेर जाने गरेको बताउँदै मुख्यमन्त्री पोखरेलले प्राकृतिक श्रोतलाई हरित रोजगार सिर्जना तथा समृद्धिको आधार बनाउनु पर्नेमा जोड दिनुभयो। वनको संरक्षण एवम् प्रवर्द्धनमा सामुदायिक वन समूहको योगदानको कारण नेपाल विश्व सामु सामुदायिक वनको देशका रुपमा परिचित भएको बताउँदै उहाँले यसको उपयोग र व्यवस्थापनमा सवैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । समूहको अधिकार सुनिश्चितताका लागि देखिएका कानूनी अड्चन हटाउन संघ सरकारसंग पहल गर्ने मुख्यमन्त्री पोखरेल सो अवसरमा प्रतिवद्धता समेत व्यक्त गर्नुभयो।

गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिसदको कार्यालयमा आयोजित कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले ज्ञापनपत्र सहित हस्ताक्षर संकलन गरिएको व्यानर हस्तान्तरण गर्नुभएको थियो । उहाँका अनुसार सामुदायको अधिकार कटौती गर्ने गरि तयार गरिएको वन नियमावली २०७८ को मसौदा, प्रदेश वन ऐन र संरक्षित वन क्षेत्र विस्तार, तेहेरो कर र वन पैदावार सदुपयोगमा लगाएको प्रतिबन्धको विरुद्धमा सामुदायिक वन उपभोक्ता महासंघ नेपालले बिभिन्न ११ बुंदे माग गर्दै देशव्यापी आन्दोलन गर्दै आएको छ। वन नियमावलीको मसौदामा वन ऐन २०७६ विपरित र सामुदायिक वनको अधिकारमा गम्भिर आधात पुग्ने गरि ल्याइएका सम्पूर्ण व्यवस्था खारेजीको माग गर्दै ज्ञापनपत्रमा भनिएको छ, वन ऐन २०७६ को दफा १८(१) मा सामुदायिक वन उपभोक्ता समुहले आफुले संरक्षण गरेको वन पैदावारको स्वतन्त्र रुपमा मूल्य निर्धारण र बिक्री वितरण गर्न पाउने संवैधानिक अधिकार सुनिश्चित गर्न आवश्यकछ । उपभोक्ताको अधिकारलाई कुण्ठित गर्ने गरि वन नियमावली २०७८ को नियम २३ मा सामुदायिक वन उपभोक्ता समूहले ५० प्रतिशत काठ जिल्ला वन पैदावार आपूर्ति समितिलाई उपलव्ध गराउनु पर्ने व्यवस्थाको विरोधमा महासंघ आन्दोलन गर्न बाध्यभएको बताउँदै अध्यक्ष सुवेदीले जिल्ला वन पैदावार आपूर्ति समर्मिति, पुरानो काठ दाउरा व्यवस्थापन समिति, जोखिमपूर्ण रु व्यवस्थापन, जिल्ला वन समन्वय समिति, जिल्ला वन सरक्षा मन्वय लगायतका विभिन्न १५ वटा सामुदायिक वन उपभोक्ता समहूको अधिकार कटोती गर्ने गरि नियमावलीको मस्यौदानबाट हटाइनु पर्ने आवश्यकता औल्याउनुभयो। सामुदायिक वन उभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्यहरु सरिता कुमाल, मुक्ति तिमिल्सिना र हरिप्रसाद बास्तोला, प्रदेश सचिवालय सदस्य दिनेश श्रेष्ठ, फेकोफन कास्की र तनहुका पदाधिकारी तथा प्रतिनिधिहरुको सहभागिता रहेको हस्तान्तरण गरिएको व्यानरमा ५० हजार भन्दा बढीको हस्ताक्षर गर्नुभएको थियो। माघ महिनाको पाँचदेखि २८ गतेसम्मको घोषित दोश्रो चरणको आन्दोलन अन्तर्गत सामुदायिक वनमा हस्तक्षेप विरुद्ध हस्ताक्षर संकलन गरि मुलुकका सम्पूर्ण स्तानीय तह, डिभिजन वन कार्यालय, सवडिभिजन वन कार्यालय र प्रदेश वन मन्त्रालय, जिल्ला प्रशासन कार्यालयमा धर्ना सहित ज्ञापनपत्र बुझाउने कार्यक्रम सम्पन्न भएको उहाँले जानकारी दिनुभयो।

## जसको नीति उसैको नेतृत्व भए समृद्धि हासिल गर्न समय लाग्दैन : मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले जसको नीति उसैको नेतृत्व भएमा समृद्धि हासिल गर्न समय नलाग्ने बताउनु भएको छ।

पर्वतको जलजला गाउँपालिका ९ स्थित बनौ देविथानमा निर्माण हुन लागेको बौद्ध बिहारको बिहीबार एक समारोहका बिच शिलन्यास गर्दै मन्त्री बरालले जसको निती उसैको नेतृत्व भएमा मात्र समृद्धि हासिल गर्न समय नलाग्ने दाबी गर्नु भएको हो।

नीति ल्याउने पार्टीको नेतृत्व नहुँदा समृद्धि हासिल गर्न कठिन भएको मन्त्री बरालको भनाई थियो । उहाँले भन्नुभयो "परिवर्तनको अगुवाई माओबादी पार्टीले नै गरेको हो तर कसैकसैलाई यो तितो सत्य पच्दैन, यो कुरा साँचो हो, अब सवै तहमा समृद्धिको नेतृत्व पनि माओबादी पार्टीले नै लिनुपर्ने हुन्छ ।" नीति एउटाको नेतृत्व अर्कोको भएको कारण तालमेल मिल्न नसकेको उहाँले बताउनु भयो । समृद्धिको नेतृत्व वडा, पालिका तथा प्रदेश र संघ सवै तहमा बास्तमा नीति अनुसार नेतृत्व गर्नुपर्ने त्यसो हुदाँ गरिबी अन्त्य गरी देशमा समृद्धि हुने मन्त्री बरालले दाबी गर्नु भयो। पछिल्लो समयमा पुर्वाधारको क्षेत्रमा देश अघि बढेसंगै अब उत्पादनमा समेत जोड दिनुपर्ने मन्त्री बरालले बताउनु भयो । मगर बस्ती भएको उक्त क्षेत्रमा उत्पादन सहित पर्यटन प्रबर्द्धन गर्न होमस्टे समेत संचालन गर्न मन्त्री बरालले सुझाव दिनुभयो। आलुसंगै बनौं अन्य उत्पादन गर्न उहाँले आग्रह गर्नुभयो । राज्यले सवै धर्मलाई समान रुपले हेर्ने बताउदै मन्त्री बरालले उक्त बिहार निर्माणमा थप रकम व्यबस्थापन गर्न पुनः पहल गर्ने समेत बताउनुभयो। जलजला गाउँपालिका वडा नम्बर ९ का वडा अध्यक्ष गौ बहादुर पुन (पुर्जा) को अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा माओबादी केन्द्र गण्डकी प्रदेश सदस्य लोकराज आचार्य, माओबादी केन्द्र पर्वतका संयोजक सुदिप कुवंर, पूर्वाधार विकास कार्यालय पर्वतका प्रमुख कृष्ण आचार्य, बनौं मा.वि.बिद्यालय व्यबस्थापन समितिका अध्यक्ष डम्बर बहादुर पुर्जा, लामा गुरु, अम प्रसाद गर्बुजा, भुवनसिंह पुर्जा लगायतले वोल्नु भएको थियो । उक्त बौद्ध बिहार निर्माणमा प्रदेश सरकारबाट ५ लाख, कोरीया समुहबाट ५७ हजार, डब बहादुर गर्बुजाबाट ५० हजार, स्थानिय पूर्ण बहादुर पाइजाबाट ३५ हजार, प्रेम बहादुर पुर्जाबाट ३० हजार भुवनसिंह पुनबाट २५ हजार लगायतबाट सहयोग प्राप्त भएको वडा अध्यक्ष पुनले बताउनु भयो। बौद्ध बिहादर निर्माण समितिको आयोजनामा करिब एक करोडको लागतमा उक्त बिहार निर्माण हुने भएको हो।

## कांग्रेस स्थानीय तहको निर्वाचनको तयारीमा केन्द्रित

रासस
काठमाडौं, २७ माघ

नेपाली कांग्रेस आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा केन्द्रित हुने भएको छ । सरकारको निर्णयको स्वागत गर्दै पार्टी सम्पूर्ण एकता र सक्रियताका साथ निर्वाचनमा केन्द्रित हुने कांग्रेसले जनाएको छ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा आज बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा स्थानीय तहको निर्वाचनको तयारीका लागि निर्वाचन मूल तयारी समिति, घोषणापत्र तयारी समितिलगायत विभिन्न समिति गठन गर्ने प्रस्ताव प्रस्तुत गरिएको छ। यसैगरी सङ्गठन सुदृढीकरण एवं निर्वाचन तयारी केन्द्रित राष्ट्रव्यापी अभियान अघि बढाउने सम्बन्धमा समेत बैठकमा छलफल भएको पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । बैठकमा महामन्त्री विश्वप्रकाश शर्माले सभापति पद रिक्त भएका भ्रातृ एवं शुभेच्छुक संस्था तथा अन्य भ्रातृ एवं शुभेच्छुक संस्थालाई गतिशील तुल्याउने, विभिन्न भ्रातृ एवं शुभेच्छुक संस्थाको विधान स्वीकृत गर्ने, केही नयाँ भ्रातृ एवं शुभेच्छुक संस्थालाई मान्यता प्रदान गर्नेलगायत विषयका प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। बैठकमा पार्टीको १४औँ महाधिवेशन पश्चात् निश्चित गर्ने गरी अधिवेशनका क्रममा थाति राखिएका क्रियाशील सदस्यताको व्यवस्थापन सम्बन्धी, नयाँ क्रियाशील सदस्यता वितरण सम्बन्धी, केन्द्रीय अनुशासन समिति गठन सम्बन्धमा र बाँकी जिल्ला (क्षेत्र र पालिका समेतको) अधिवेशनको नयाँ मिति घोषणा गर्न केन्द्रीय निर्वाचन समितिलाई आग्रह गर्ने सम्बन्धी प्रस्ताव प्रस्तुत गरिएका छन्।

प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवाको अध्यक्षतामा भएको बैठकमा केन्द्रीय कार्यसम्पादन समितिका सदस्य गोपालमान श्रेष्ठ, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, डा शशाङ्क कोइराला, डा रामशरण महत, सुनिलबहादुर थापा, बलबहादुर केसी, उमा रेग्मी, रमेश रिजाल, डा नारायण खड्का, जीपछिरिङ लामा र आनन्दप्रसाद ढुङ्गानाले आ-आफ्नो धारणा राख्नुभएको थियो। बैठक शुक्रबार दिउँसो २ बजे पुनः बस्ने पौडेलले जानकारी दिनुभयो।

## निर्वाचनका लागि थप ४० अर्ब माग, स्रोत व्यवस्थापन गर्छौं : अर्थमन्त्री

रासस
काठमाडौं, २७ माघ

चालु आर्थिक वर्षको बजेटमा निर्वाचनका लागि मात्रै रु १० अर्ब बराबरको व्यवस्था भए पनि रु ४० अर्ब बराबरको माग आएको छ । अर्थमनन्त्रालयमा आज आयोजित चालु आवको बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्दै अर्थमन्त्री जनार्दन शर्माले सो कुराको जानकारी दिनुभएको हो।

निर्वाचन राष्ट्रिय अभियान भएकाले त्यसका लागि साधन र स्रोत उपलब्ध गराउनु सरकारको दायित्व भए पनि आफूहरू चापमा रहेको उहाँको भनाइ छ। सरकारले आगामी वैशाख ३० गतेका लागि स्थानीय निकायको निर्वाचनको मिति घोषणा गरेको छ। निर्वाचनका लागि बजेट व्यवस्थापन गर्न सरकार लागिपरेको जानकारी दिँदै अर्थमन्त्रीले बजेटको जोहो गरिने र निर्वाचन समयमै सम्पन्न गरिने बताउनुभयो। कानूनी एवं संरचनागत समस्याका कारण बजेटमा व्यवस्था भएबमोजिमको विकास बजेट खर्च हुन नसकेको भन्दै उहाँले जग्गा प्राप्ति तथा स्रोत नै उपलब्ध नभएको आयोजना राख्ने प्रवृत्ति पनि उत्तिकै जिम्मेवार रहेको उल्लेख गर्नुभयो । योजनाको छनोटदेखि नै समस्या रहेको जानकारी दिँदै उहाँले राजनीतिक प्रभाव र दबाबमा राखिएका आयोजनाको पूर्वतयारीमा नै लामो समय लागेकाले पनि अपेक्षित प्रगति हुन नसकेको स्पष्ट पार्नुभयो। दक्ष जनशक्तिको अभाव तथा आयोजनामा जिम्मेवारी लिएकाले इमान्दार प्रयास नगरेको तथा गरेकाले समेत दण्डित हुनुपर्ने अवस्था रहेकाले पूँजीगत खर्चमा समस्या देखिएको उहाँको भनाइ छ। उहाँले प्रक्रियागत झन्झट तथा फाइल घुमिरहने प्रवृत्तिको सुधारका लागि अनलाइन प्रणाली सञ्चालनसम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आउने क्रममा रहेको बताउनुभयो । बजेटको अर्धवार्षिक समीक्षा गर्दै उहाँले पूर्णरूपमा बजेट खर्च नहुने उल्लेख गर्नुभयो। कूल विनियोजित बजेटमध्ये रु १५ खर्ब ४६ अर्ब २८ करोड बराबरको खर्च हुने संशोधित अनुमान अर्थमन्त्रीले प्रस्तुत गर्नुभयो । जुन विनियोजित बजेटको ९४.७ प्रतिशत मात्रै हो । गत असोजमा प्रतिस्थापन विधेयकमार्फत अर्थमन्त्री शर्माले बजेटको आकार रु १६ खर्ब ३२ अर्ब बराबरको तय गर्नुभएको थियो। उहाँले चालु आवमा चालु खर्च रु १० खर्ब ३५ अर्ब ४६ करोड, पूँजीगत खर्च र रु तीन खर्ब ४० अर्ब ३२ करोड ९० र वित्तीय व्यवस्थापनमा रु एक खर्ब ७० अर्ब ४९ करोड अर्थात् विनियोजित बजेटको ९० प्रतिशत खर्च हुने अनुमान सुनाउनुभयो । उहाँले पूर्णरूपमा तयारी नगरी बजेट ल्याउँदा पूँजीगत खर्च हुन नसकेको उल्लेख गर्नुभयो । उहाँले बजेट निर्माणको तरिका नै बदल्नुपर्ने पक्षमा आफू रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "कस्तो आयोजना प्रदेशले बनाउने हो र कस्ता सङ्घ र स्थानीय तहले बनाउने हो त्यसमा स्पष्ट मापदण्ड आवश्यक छ ।" अर्थमन्त्रीले हाल नेपालमा क्रिप्टोकरेन्सी, हाइपरफण्ड, अनलाइन गेमिङलगायतका अवैध कारोबारको चुनौतीलाई रोक्न सरोकारवाला सबैकोसाथरसहयोगकोआवश्यकता औँल्याउनुभयो।

विज्ञान प्रविधिको गैरकानूनी प्रयोगमार्फत भइरहेको मुद्राको पलायन रोक्न सरकारले आवश्यक रणनीतिका साथ काम गरिरहेको उहाँको भनाइ छ । नेपाल राष्ट्र बैंक, राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण विभागले पनि यसमा काम गरिरहेको उहाँको भनाइ थियो। यस्तै वैदेशिक मुद्राको सञ्चितिमा परेको चापलाई कम गर्न विभिन्न नीतिगत उपाय अबलम्बन गरिएको तथा गैरआवासीय नेपाली नागरिकलाई अमेरिकी डलरलगायत विभिन्न आठवटा विदेशी मुद्रामा नेपालमा खाता खोल्न सक्ने व्यवस्था गरिएको अर्थमन्त्रीको भनाइ थियो।


यस्तै चालु आवको बाँकी अवधिमा बजेट कार्यान्वयनको संशोधित कार्ययोजना बनाई कार्यान्वयन गर्ने एवं कार्य सम्पन्न भएका आयोजनाको बाँकी दायित्व तत्काल भुक्तानी दिने व्यवस्था मिलाइने भएको छ । वैदेशिक सहायताको अनुदान तथा ऋण परिचालन गर्न सबै कार्य पूरा गरी वैदेशिक स्रोतको अधिकतम परिचालन गर्ने र वैदेशिक सहायताको कार्यान्वयनमा देखिएको समस्या समयमै समाधान गरिनेछ । नगद प्रवाहको नियमित विश्लेषण गरी आवश्यकतानुसार बजेटमा अनुमान गरिएको सीमाभित्र आन्तरिक ऋण परिचालन गर्ने सरकारको लक्ष्य छ।

## प्रधानमन्त्री देउवा, अध्यक्षद्वय दाहाल र नेपालबीच भेटवार्ता

रासस
काठमाडौं, २७ माघ

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालबीच भेटवार्ता भएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार भएको भेटमा उहाँहरूबीच समसामयिक राजनीतिक विषयमा छलफल भएको प्रधानमन्त्रीका प्रेस प्रमुख गोविन्द परियारले जानकारी दिनुभयो । मुलुकमा पछिल्लोपटक 'मिलेनियम च्यालेन्ज कर्पोरेशन' (एमसिसी) संसद्बाट पारित गर्नुपर्ने विषयमा प्रमुख दलहरूबीच बहस जारी छ । यसैगरी नेपाल सरकार मन्त्रिपरिषद्को सोमबारको बैठकले आगामी वैशाख ३० गते स्थानीय तहको निर्वाचन गर्ने निर्णय गरेपछि त्यसको तयारीबारे सत्ता गठबन्धनका दलहरूबीच विभिन्न चरणमा छलफल पनि जारी छ । बिहीबार बिहान कांग्रेस नेता डा शेखर कोइरालाले माओवादी केन्द्रका अध्यक्ष दाहालसँग उहाँकै निवासमा भेटेर एमसिसी, स्थानीय तहको निर्वाचनलगायत विषयमा कुरा गर्नुभएको नेता कोइरालाको सचिवालयले जनाएको छ।



# चुनावी सहकार्यका लागि गठबन्धन दलबीच छलफल

पोखरापत्र संवाददाता
बागलुङ, २७ माघ

यहाँका सत्तारुढ गठबन्धन दलहरूले आसन्न स्थानीय तहको चुनावमा मिलेर जानका लागि छलफल र गृहकार्य अघि बढाएका छन् । बिहीबार पाँच दलीय गठबन्धनका जिल्ला तहका प्रमुख नेताबीच चुनावी सहकार्यका लागि प्रारम्भिक कुराकानी भएको हो ।

गठबन्धनलाई वडा तहसम्म व्यवस्थित गर्ने, आपसी विश्वास र समभ्फदारी विकास गर्दै चुनावसम्मै मिलेर जाने विषयमा भएको छलफल सकारात्मक भएको गठबन्धनको सबैभन्दा ठूलो घटक नेपाली काङ्ग्रेसका जिल्ला सभापति जीतबहादुर शेरचनले बताउनुभयो ।

"स्थानीय परिस्थिति र अनुकूलतामा गठबन्धनलाई कसरी मजबुत पार्ने र चुनावसम्मै लिएर जाने विषयमा सौहार्द ढङ्गले कुराकानी भयो, छलफललाई फेरि निरन्तरता दिने गरी हामी उठ्यौँ", उहाँले भन्नुभयो । शेरचनले प्रदेश तहमा पनि गठबन्धन दलबीच चुनावलक्षित छलफल सुरु भएको स्थितिमा जिल्लामा पनि त्यसको गृहकार्य अघि बढेको उल्लेख गर्नुभयो । नेपाल रेडक्रस सोसाइटीलगायत सङ्घसंस्थाका चुनावमा पनि सत्ता गठबन्धन दलबीच सहकार्य गरेर जानुपर्नेमा नेताहरूले जोड दिएका थिए ।

छलफलमा सहभागी गठबन्धनको प्रमुख घटक नेकपा (माओवादी केन्द्र), जिल्ला समन्वय समितिका संयोजक ज्ञानमाय गैरे 'अनिल'ले स्थानीय तहको चुनाव घोषण भएको स्थितिमा जिल्लास्तरमा गठबन्धनलाई कसरी अगाडि बढाउने भन्ने विषयमा अनौपचारिक कुराकानी भएको बताउनुभयो । "नेताहरूबीच गठबन्धनको सन्दर्भमा अनुभव आदानप्रदान भयो, एक किसिमको समीक्षाजस्तो पनि भयो", उहाँले भन्नुभयो, "ठ्याक्कै ठोस मुद्दामा छलफल प्रवेश त गरेको छैन, तर पनि गठबन्धन दलका नेताबीचको भेटघाटले सकारात्मक सन्देश दिएको छ, यसले अरु जिल्लालाई पनि प्रेरित गर्छ ।"

केन्द्रमा पाँच दलीय गठबन्धन कायमै रहेर चुनावी समीकरण बनेमा त्यसलाई जिल्लामा पनि लागू गरेर जानुपर्ने उहाँको भनाइ थियो । राष्ट्रिय राजनीतिको परि दृश्य बदलिएमा भने त्यसको असर तल पनि पर्न सक्ने संयोजक गैरेले बताउनुभयो । छलफलमा काङ्ग्रेस सभापति शेरचन, माओवादी केन्द्रका संयोजक गैरे, राष्ट्रिय जनमोर्चाका अध्यक्ष अमर थापा, नेकपा (एकीकृत समाजवादी) अध्यक्ष लालबहादुर थापा र जनता समाजवादी पार्टीका अध्यक्ष बाबुकाजी केसी सहभागी हुनुहुन्थ्यो ।

स्थानीय तहको चुनाव घोषणा भएसँगै दलहरू तात्न थालेका छन् । नेकपा (एमाले) को जिल्ला शखाले पनि चुनाव केन्द्रित अभियान सञ्चालन गरिने जनाएको छ । चुनावलाई लक्ष्य गरी आउँदो फागुनभित्रमा प्रदेशको निर्वाचनका लागि क्षेत्रस्तरमा जनप्रतिनिधिलाई अभिमुखीकरण तालिम दिने निर्णय भएको पार्टीका प्रचारप्रसार विभाग प्रमुख गणेश पौडेल 'चन्द्र'ले बताउनुभयो ।

# त्रिविको परीक्षा र कक्षा फागुन १ गतेदेखि सञ्चालन गर्न निर्देशन

रासस
काठमाडौं, २७ माघ

त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले सबै क्याम्पसलाई आगामी फागुन १ गतेदेखि स्थगित गरिएका परीक्षा र कक्षा सम्भव भएसम्म भौतिक उपस्थितिमा सञ्चालन गर्न निर्देशन दिएको छ ।

त्रिविको कार्यकारी परिषद्को बैठकले कोरोना भाइरस सङ्क्रमणले रोकिएका परीक्षा सञ्चालन र सम्भव भएसम्म भौतिक उपस्थितिमै कक्षा सञ्चालन गर्न निर्देशन दिएको त्रिविको सूचना तथा जनसम्पर्क महाशाखा प्रमुख योगेन्द्रप्रसाद दाहालले जानकारी दिनुभयो । क्याम्पस/विभाग/स्कुलमा विद्यार्थीको प्रत्यक्ष कक्षा सञ्चालनको अनिवार्यतालाई विचार गरी त्रिविले स्थानीय तहको समन्वयमा तोकेको समयसीमा र स्वास्थ्य मापदण्डभित्र रही जोखिम नियन्त्रणका लागि पूर्वतयारी एवं सतर्कता अवलम्बन गर्दै सम्भव भएसम्म भौतिक उपस्थितिमै कक्षा सञ्चालन गर्न निर्देशन दिएको उहाँले बताउनुभयो ।

# थप एक हजार ३६१ जनामा कोरोना संक्रमण पुष्टि

रासस
काठमाडौं, २७ माघ

देशभर पछिल्लो २४ घण्टामा ११ हजार ८८० को नमूना परीक्षण गर्दा एक हजार ३६१ मा कोरोना सङ्क्रमण पुष्टि भएको छ । आठ हजार हजार ८८० को पीसीआर र तीन हजारको एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा दुई हजार २३८ कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमण मुक्त हुनेको सङ्ख्या नौ लाख ३० हजार ६०७ पुगेको छ । निको हुने दर ९५ दशमलव आठ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । नेपालमा पीसीआर विधिबाट नौ लाख ७१ हजार ४७५ र एन्टीजेन विधिबाट परीक्षण गर्दा एक लाख ३६ हजार ५११ सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ । पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ५३ लाख १२ हजार ४४२ र एन्टीजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या १० लाख सात हजार २३४ पुगेको छ । कूलमा सङ्क्रमण दर १८ दशमलव तीन प्रतिशत छ । कोभिडविरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा दुई लाख २० हजार ६०१ रहेको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या २९ हजार चार रहेको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट १२ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ८६४ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर एक दशमलव तीन प्रतिशत छ । प्रति १० लाख जनसङ्ख्यामा मृत्युदर ३९० दशमलव पाँच रहेको छ ।

हाल भेन्टिलेटरमा रहनेको सङ्ख्या जम्मा ३२ र आइसियुमा २२५ रहेको छ । होमआइसोलेसनमा २७ हजार ९३०, संस्थागत आइसोलेसनमा एक हजार ७४ र क्वारेन्टिनमा १३३ जना रहेका छन् । हाल देशभरमा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, काभ्रेपलाञ्चोक, कास्की,बाँके,रुपन्देही,रकैलाली रहेका छन् । दुई सयभन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लामा सिरहा, सप्तरी, पर्सा, बारा, महोत्तरी, सर्लाही, धादिङ, नवलपरासीपूर्व, स्याङ्जा, बागलुङ, तनहुँ, पाल्पा, बर्दिया, दाङ र कञ्चनपुर छन् ।

हाल शून्य सङ्क्रमित रहेको एक मात्र जिल्ला मनाङ रहेको छ । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा सात हजार १७०, ललितपुरमा तीन हजार ४३१ र भक्तपुरमा एक हजार ४६४ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ ।

# एमाले जनसङ्गठनका केन्द्रको अधिकतम संख्या २९९

रासस
काठमाडौं, २७ माघ

नेकपा (एमाले) ले आफ्ना जनसङ्गठनको केन्द्रीय कमिटीको सङ्ख्या अधिकतम २९९ सम्म हुने गरी निर्देशिका जारी गरेको छ ।

पार्टीसम्बद्ध विभिन्न २२ जनसङ्गठनलाई व्यवस्थित तथा समन्वयात्मकरूपले परिचालन गर्न एमालेको विधानको धारा ९१ तथा नियमावलीको परिच्छेद ८ को दफा ६१ बमोजिम 'जनसङ्गठन समन्वयसम्बन्धी निर्देशिका-२०७८' जारी भएको हो ।

जनसङ्गठन संयन्त्रको सिफारिसमा पार्टीको सचिवालयले स्वीकृत गरेको सो निर्देशिकालाई एमालेले सार्वजनिक गरेको छ । पहिलो वर्गीकरण (अनुसूची) मा रहेको महासङ्घस्तरीय १० जनसङ्गठनका लागि २९९ सम्म र दोस्रो वर्गीकरणमा परेका १२ जनसङ्गठनको केन्द्रीय कमिटीको सङ्ख्या अधिकतम १५२ हुनेछ । सबै सङ्गठनको केन्द्रीय पदाधिकारीको अधिकतम सङ्ख्या १७ हुनेछ । उक्त सङ्ख्यामा अध्यक्ष, महासचिव र कोषाध्यक्ष एक/एक तथा उपाध्यक्ष, उपमहासचिव र सचिव एकभन्दा बढी हुन सक्नेछ । पदाधिकारी चयनमा समावेशीतालाई ध्यान दिनुपर्ने एमालेले जनाएको छ । सो संयन्त्रका प्रमुख भानुभक्त ढकालको संयोजकत्वमा निर्देशिकाको मस्यौदा तयारी कार्यदल गठन भएको थियो ।

निर्देशिकाको अनुसूची १ मा अखिल नेपाल महिला सङ्घ, अखिल नेपाल किसान महासङ्घ, नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट), अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, राष्ट्रिय युवा सङ्घ नेपाल, नेपाल उत्पीडित जातीय मुक्ति समाज, लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घ नेपाल, पेसागत महासङ्घ नेपाल, नेपाल राष्ट्रिय उद्योग व्यवसाय महासङ्घ र नेपाल खेलकुद महासङ्घ परेका छन् । अनुसूची २ मा प्रेस चौतारी नेपाल, राष्ट्रिय जनसांस्कृतिक महासङ्घ, नेपाल बुद्धिजीवी परिषद्, राष्ट्रिय स्वास्थ्यकर्मी सङ्घ, नेपाल भूमिहीन सुकुम्बासी सङ्गठन, नेपाल भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठन, प्रगतिशील तथा पेसागत कानून व्यवसायी सङ्गठन, लोकतान्त्रिक राष्ट्रिय अपाङ्ग सङ्गठन, प्रोग्रेसिभ इन्जिनियरिङ एशोसिएशन नेपाल, मानवअधिकार तथा सामाजिक न्याय मञ्च, नेपाल मुस्लिम इत्तेहाद सङ्गठन र रिटर्नी फेडेरेशन नेपाल परेका छन् ।

यसैबीच एमालेले यही माघ २८ गते आउँदो स्थानीय तहको निर्वाचनका लागि पार्टीका नेता कार्यकर्तालाई प्रदेशस्तरमा अभिमुखीकरण र प्रशिक्षण कार्यक्रम तय गरेको छ । सो कार्यक्रमको पार्टीका अध्यक्ष केपी शर्मा ओलीले भर्चुअलरुपमा उद्घाटन गर्नुहुनेछ । फागुनको पहिलो र दोस्रो साताभित्र प्रदेशस्तरका कार्यक्रम हुनेछन् ।

# याक एण्ड यतिको इजाजत रद्द

रासस
काठमाडौं, २७ माघ

काठमाडौंमा रहेको याक एण्ड यति होटलको नाममा सञ्चालित क्यासिनोले राज्यलाई बुझाउनुपर्ने रु ४२ करोड रोयल्टी नबुझाएको भन्दै उक्त होटलको पाँच तारे वर्गीकरण र क्यासिनो सञ्चालनको इजाजत रद्द गरिएको छ ।

सरकारलाई बुझाउनुपर्ने रोयल्टी पटक पटक ताकेता गर्दा पनि नबुझाएकाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनमा सो इजाजत रद्द गरिएको हो । बुधबार याक एण्ड यति होटल लिमिटेड, दरबारमार्गको क्यासिनो सञ्चालन इजाजतपत्र र होटल स्तर वर्गीकरण प्रमाणपत्र रद्द गरिएको मन्त्री आलेले जानकारी दिनुभयो । नेपाल सरकारले विसं २०४८ पुस २२ गते उक्त होटलको नाममा क्यासिनो सञ्चालनको इजाजतपत्र जारी गरेको थियो । नेपाल सरकारलाई तिर्नु, बुझाउनुपर्ने रोयल्टी, इजाजत नवीकरण दस्तुर लगायतको रकम कानून बमोजिम होटलले दाखिला नगरेका कारण कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कसिएको तथा यस विभागको अभिलेखमा आर्थिक वर्ष २०७६-०७७ सम्मको बँकी बक्यौता आर्थिक वर्ष २०७७-०७८ को इजाजतपत्र नवीकरण दस्तुर, आव २०७८-०७९ को रोयल्टी दस्तुर समेत गरी रु ४२ करोड २५ लाख ६८ हजार २५३ रुपैयाँ ४२ पैसा नबुझाएकाले कानुनअनुसार क्यासिनो सञ्चालन इजाजतपत्र र होटल स्तर वर्गीकरण प्रमाणपत्र रद्द गरिएको मन्त्री आलेले बताउनुभयो । पर्यटन विभागले यो निर्णय कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सहयोग गरिदिन गृह मन्त्रालयलाई पत्राचार गरेको छ । त्यस्तै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई उक्त होटलको नाममा रहेको सम्पूर्ण अचल सम्पत्ति रोक्का राखिदिन पनि पत्राचार गरिएको छ । त्यस्तै राष्ट्र बैंकलाई उक्त होटलको नाममा बैंक तथा वित्तीय संस्थामा रहेका बैंक खाता तथा वित्तीय कारोबार रोक्का गरिदिन समेत अनुरोध गरेको छ । बाँकी बक्यौता दाखिला गर्न गत कात्तिक ७ मा ३५ दिने र मिति २०७८ पुस २७ गते १५ दिने अवधि तोकी पत्राचार गरिएको थियो । उक्त रकम दाखिला नगरेको देखिएकाले यही माघ १९ गतेको गोरखापत्रमा ७ दिनभित्र क्यासिनो सञ्चालन बापतको रोयल्टी लगायतका रकम दाखिला गर्न सूचना प्रकाशन गर्दा पनि तोकिएको अवधिभित्र दाखिला नगरेकाले क्यासिनो नियमावली, २०७० को नियम १४ बमोजिम त्यस होटलको नाममा जारी भएको क्यासिनो सञ्चालन इजाजतपत्र रद्द गर्ने, होटलको पाँच तारा स्तरको वर्गीकरण प्रमाणपत्र रद्द गर्ने, होटलको नाममा रहेको सम्पूर्ण अचल सम्पत्ति रोक्का राख्ने र बैंक तथा वित्तीय संस्थामा रहेका बैंक खाता तथा वित्तीय कारोबार रोक्का राख्ने निर्णय गरिएको हो ।

विभागले बुधबारै उक्त होटललाई होटल तथा क्यासिनो सञ्चालन नगर्न नगराउन सूचना पनि पठाइएको जनाएको छ ।

**भ्रष्टाचार कानूनी, सामाजिक र नैतिक अपराध हो ।**
**त्यसैले**

- कसैले नाजायज फाईदा लिन दिन खोजेमा,
- अनुचित दवाव श्रृजना गरी गैरकानूनी लाभ लिने दिने गरेमा,
- कुनै काम गरिदिने वा नगरिदिने नाममा गैरकानूनी लाभ लिन दिन खोजेमा,
- गैरकानूनी सम्पति जम्मा गरेको पाईएमा,

त्यस्तो कार्य भ्रष्टाचारजन्य कार्य हो ।

त्यस्ता कार्यमा संलग्न व्यक्ति वा संस्थाकोबारेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनलाई खवर गरौं ।
भ्रष्टाचारमुक्त समाजको निर्माणमा पहल गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सुक्खा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : हारसुद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार


जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यु विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१-५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

**कपालको उपचार**
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।





सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । – हजरत अली

## सम्पादकीय

# माओवादी केन्द्रमा अन्योल

सत्तारूढ नेपाली काङ्ग्रेसको केन्द्रीय कार्य सम्पादन समितिको बैठक स्थानीय तहको निर्वाचन र एमसिसीबारेमा छलफल भएको छ । काङ्ग्रेसको चौधौं महाधिवेशन पछि बनेको कार्यसम्पादन समितिको बैठक स्थानीय चुनावलाई केन्द्रीत गरिएको छ। प्रमुख प्रतिपक्षी नेकपा एमाले स्थानीय चुनावको तयारीमा होमिएको छामाघ २८ गतेदेखि कार्यकर्ता प्रशिक्षण शुरु हुँदैछ। सातवटै प्रदेशमा कार्यकर्ता प्रशिक्षणका कार्यक्रम सार्वजनिक भएका छन । देशका प्रमुख दुई राजनीतिक दल एमाले र काङ्ग्रेस चुनावी तयारीमा लाग्दा सत्तारूढ अर्को दल माओवादी केन्द्र भने पार्टी पदाधिकारी चयन गर्न सकेका छैन ।

महाधिवेशन सकिए पनि पदाधिकारी चयनमा सकस परेका छ। माघ २८-२९ गतेका लागि बोलाइएको बैठकबाट पदाधिकारी चयन, स्थायी समिति र प्योलिटब्युरोको गठन, नेताहरुको कार्यविभाजन र स्थानीय चुनावका लागि अभियानको घोषणा हुने अपेक्षा थियो। त्यसमाथि अहिलेको ‘हटकेट’ विषय एमसीसीमाथिको छलफल त छँदै थियो । अचानक बैठक स्थगन हुनुका कारण कोभिड देखाउन खोजिएको छ। ‘२५ जनाभन्दा बढी भेला हुन नपाइने नियम अहिले पनि लागू भएको हुँदा सत्तारुढ दल भएकाले सरकारले घोषणा गरेको नियम उल्लंघन गरेर बैठक गर्न नमिल्ने तर्कअघि सारेको छाकोभिडको कारणले बैठक स्थगन गरिएको भने पनि स्थिति भने ठ्याक्कै त्यस्तो देखिदैन । २८-२९ गतेको बैठक तय गर्दा पनि कोभिड छ भन्ने नेताहरुलाई थाहा नै थियो। यो निमित्त कारण मात्रै हो। मुख्य कारण भने पदाधिकारी चयन र स्थायी समिति गठन गर्ने विषयमा सहमति नजुट्नु हो। ‘

कोभिड त एउटा बहाना मात्रै हो,’ ‘पदाधिकारी र स्थायी समितिमा सहमति जुट्न नसक्दा बैठक सारिएको नेताहरूको बुझाइ छ। माओवादीमा मुख्यगरि महासचिवमा धेरैको दावेदारी छ । त्यसमा पनि मुख्य दावेदारी वर्षमान पुन र जनार्दन शर्माको छ । शर्मा र पुनलाई सहमतिमा ल्याउन प्रचण्डले गरेको प्रयास असफल भएपछि बैठक सारिएको हुनसक्छ ।पुन र शर्माबीच सहमति भइसकेको छैन्,’ । सहमति नभएपछि प्रचण्ड चुनाव गराउने पक्षमा देखिएका छैनन् ।’ स्थायी समिति गठनमा पनि गृहकार्य पुरा भइनसकेको बताइएको छ । एमसीसी र गठबन्धन टुट्ने तनावले प्रचण्ड बालुवाटार दौडधुपमा व्यवस्थत हुनु परेकाले त्यसमा गृहकार्य पुगेको छैन। माओवादी भित्रका गुटमै स्थायी समितिमा कसले बढी आफ्ना मान्छे राख्ने भन्नेमा प्रतिष्पर्धा हुँदा प्रचण्डलाई टुंग्याउन गाह्रो भएको छ।

माओवादीमा ४५ जना स्थायी समिति रहने व्यवस्था छ। नेकपाकालमा स्थायी समितिमा रहेका एक दर्जनभन्दा बढी नेताहरुलाई नै माओवादीमा स्थायी समिति सदस्य मानिएको थियो। उनीहरु स्वतः सदस्य हुने बलियो सम्भावना रहँदा करिब ३० जना नयाँ अनुहार स्थायी समितिमा थपिने छन् । थपिने सदस्यका लागि नारायणकाजी श्रेष्ठ, वर्षमान पुन र जनार्दन शर्मा गुटबीच आफ्ना मान्छे धेरै पार्न प्रतिष्पर्धा चलेको कार्यकर्तासम्म पुगेको छ। स्थानीय चुनाव आइसकेकाले पार्टीको लथालिङ अवस्थालाई लम्ब्याइ रहनु माओवादी पङ्तिका लागि चिन्ताको विषय हो। ‘अहिलेको आवश्यकता चाँडोभन्दा चाँडो चुस्त दुरुस्त समिति बनाएर कार्यविभाजनसहित गाउँ-गाउँमा जाने हो,।यस्तो अन्यौल लम्ब्याइरहने हो भने यसले चुनावमा माओवादीलाई प्रभाव पार्छ आठौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यहरुको कार्यविभाजन नै हुन बाँकी छ । यस्तोमा कार्यकतालाई उत्साहित पार्ने गरी अघि बढ्नु पर्नेमा बैठक स्थगन गर्नु मुतको न्यानो मात्र हो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : आर्थिक समस्या |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : मानसिक तनाब |
| कर्कट | : मन चञ्चल | मकर | : शारीरिक झमेला |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


### सन्दर्भ सामग्री – अख्तियार स्थापना दिवस

# भ्रष्टाचार नियन्त्रण गर्ने संस्था भएर पनि देशलाई भ्रष्टाचारको दलदलमा गाडियो



शिव प्रसाद गौतम

नेपालको संविधान २०७२ को भाग २१ मा भ्रष्टाचार नियन्त्रण गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संवैधानिक व्यवस्था गरिएुको छ । यसको धारा २३९ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। यो आयोग २०४६ को जन आन्दोलन पछि प्राप्त संसदीय प्रजातन्त्र प्राप्ति पछि बनेको २०४७ सालको संविधान अनुसार २०४७ साल माघ २८ गते स्थापना भएको हो। आज यो संवैधानिक संस्थाले आफ्नो ३१ औं स्थापना दिवस मनाइ रहेको छ। विगत ३० वर्षमा यो संस्थाले देशमा भ्रष्टाचार निर्मूल पारेर सुशासन कायम गर्न के कति योगदान गऱ्यो भनेर चर्चा गर्नु आजको सान्धर्विकता हो।

सच्चालिस सालको संविधान भन्दा अगाडिको संविधान २०१९ मा पनि आयोग थियो । त्यो बेला यसको नाम भ्रष्टाचार निवारण आयोग थियो। संसदिय प्रजातन्त्र आएपछि भ्रष्टाचार निवारण होइन अनुसन्धान आयोग नामाकरण गरिएको छ। निवारण र अनुसन्धान भिन्न अर्थ भएका शब्दहरु हुन्। कुनै काम गर्नबाट रोक्ने काम, पन्छाउने काम रोक, रोकावट छेको निवारण हो । निवारणको अर्थ निर्मूल पार्नु पनि हो। कुनै कुरा खोज्ने वा पत्ता लगाउने काम, सत्य र तथ्यको खोजी, प्रहरी आदि द्वारा गरिने छानविन तलासी आदि कार्य अनुसन्धान हुन् । अर्थात निवारणको अर्थ निर्मूल पार्नु हो भने अनुसन्धानको अर्थ निर्मूल होइन खोजी मात्र हो भन्ने बुझिन्छ।

पञ्चायत कालमा भ्रष्टाचार नियन्त्रण गरेर देशमा सुशासन कायम गर्न भ्रष्टाचार निवारण आयोग नामको संवैधानिक अङ्ग थियो। मन्त्री परिषद अन्तरगत शक्तिशाली विशेष प्रहरी विभाग थियो । आयोग र विभागले समातेको भ्रष्ट नेता प्रशासक जो कोहीलाई कसैले संरक्षण गर्दैनथ्यो । कसुरदारहरूले सजाय पाउँथे । जसले गर्दा भ्रष्टाचार गर्ने हिम्मत कसैले गर्दैनथ्यो।

अहिले देशमा भएको भ्रष्टाचार नियन्त्रण गर्ने निकायको नाम नै अख्तियार दुरुपयोग अनुसन्धान आयोग नामाकरण गरेर अधिकारको सङ्कुचन गरिएको छ । यो संवैधानिक आयोगले भ्रष्टाचार भएको ठाउँमा अनुसन्धान गरेर विशेष अदालतमा कारवाहीका लागि मुद्दा दर्ता गर्ने अधिकार छ । भ्रष्टाचार नियन्त्रण गर्न आफैले सक्तैन । अर्को मन्त्री परिषद् अन्तरगतको राष्ट्रिय सतर्कता केन्द्र छ । यसले कुनै काम कारवाही गरेको पाइँदैन । केन्द्रमा रहेको आयोग अन्तरगत क्षेत्रीय कार्यालयहरु पनि छन् । भ्रष्टाचार गर्नेहरूलाई कारवाही गर्ने निकायहरु त छन् । तर यिनीहरुको काम कुरो एकातिर कुम्लो बोकी ठिमी तिर भन्ने उखान जस्तै छ। यो हुनुको मूल

**नेपालले पाएको पाँच वर्षको अङ्क यस प्रकार देखाइएको छ।**

| सन् | अङ्क | स्थान |
|---|---|---|
| २०१७ | ३१ | १२२ |
| २०१८ | ३१ | १२४ |
| २०१९ | ३४ | ११३ |
| २०२० | ३३ | ११७ |
| २०२१ | ३३ | ११७ |

कारण भ्रष्टाचारीहरुलाई उच्च ओहोदामा रहेका नेताहरुको संरक्षण नै मूल कारण हो । भ्रष्टाचार निवारण गर्ने सन्दर्भमा बनेका ऐन नियमहरु सानालाई ऐन ठूलालाई चैनको रूपमा बनेका छन् । हाम्रो संसदले पेश गरेका भ्रष्टाचार सम्बन्धी ऐन नियम संसद सदस्यहरुले आफ्नो संरक्षण गर्ने गरी बनाएका छन् । भ्रष्टाचारी उपर शुन्य सहनशीलता भनिन्छ तर व्यवहारमा संरक्षण गरिन्छ । भ्रष्टाचार नियन्त्रण गरेर देश विकास गर्न सर्वप्रथम राजनेताहरुमा आर्थिक अनुशासन हुनु अनिवार्य छ । घूस खाने र खुवाउनेले देश र जनतालाई दुःख दिएका छन् । यस उपर कारवाही गर्ने आयोग नै दाह्रा नङ्ग्रा झिकेको सिंह जस्तै शक्ति हिन बनाइएको छ। आयोगले विशेष अदालतमा दर्ता गरेका मुद्दा प्रमाण नपुगेको भनी असफल गराइएका उदाहरण प्रशस्त छन् । देशमा भ्रष्टाचार बढेर अन्तर्राष्ट्रिय क्षेत्रमा समेत बदखोइ हुनुका धेरै कारणहरु छन् जस्तै देशमा रोजगारीका अवसर हरूको सिर्जना नहुनु, परिवारका सदस्यहरु परिवार मूलीमा मात्र आश्रित हुनु, राजनीतिक दलका नेताहरुले आफ्नो दलमा लागि आर्थिक सहयोगी लेवी उठाउनु, कृषि भूमि टुक्रयाउँदै र बाँझो राख्दै जानु, मनोरञ्जनमा बढी खर्च गर्नु, सामाजिक धार्मिक संस्कार संस्कृतिका नाममा फजुल खर्च गर्नु, अरूको नचाहिँदो नक्कल गर्नु, उत्पादनमूलक कार्यमा सर्वसाधारण नलाग्नु, परावलम्बीपन बढ्दै जानु, भ्रष्टाचारीहरुलाई राजनीतिक संरक्षण हुनु, सन्तानका लागि सम्पत्ति थुपार्ने मोह बढ्दै जानु, राजनीतिक पदका लागि हुने निर्वाचनमा आर्थिक चलखेल हुनु, आत्मनिर्भरता नअपनाइ परनिर्भरतामा भर पर्नु देशमा रहेका प्राकृतिक स्रोत साधन जनहितमा परिचालन नभइमा अव्यवस्थित रूपमा नेता र प्रशासकका लागि परिचालन हुनु नेताहरु उपचारमा अत्याधिक खर्च हुनु, जनतालाई रोजगारी दिने खालका उद्योग व्यवसाय नहुनु । देशमा नैतिक शिक्षाको बन्देज। जस्ता थुप्रै अकर्मण्यताले गर्दा देश भ्रष्टाचारको दल दलमा गाडिएको छद्ध । मिलेमतोमा भ्रष्टाचार मौलाउँदै गएको छ । देशमा भ्रष्टाचार नियन्त्रण र सुशासनको स्थिति निरन्तर नाजुक हुँदै गएको छ। जनताको थाप्लोमा ६० हजार राष्ट्र ऋणको बोझ छ।

दुई दशक पछि बहुमत प्राप्त सरकार बनेर पनि नेपाल अति भ्रष्टाचार हुने मुलुकको सूचीबाट बाहिर निस्कन सकेन भनी भ्रष्टाचार विरुद्ध काम गर्ने अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको सर्भेक्षणमा अत्यन्त कमजोर स्थिति प्रस्तुत गरेको छ। भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने मामिलामा नेपाल अनुत्तीर्ण भएको छ। ५० भन्दा कम अङ्क पाउने देशलाई अति भ्रष्टाचार हुने दशेको सूचीमा राख्ने गरेको छ। नेपाल भ्रष्टाचारी मुलुकको ११७ औं स्थानमा परेको छ।

महालेखाको अघिल्लो वर्षको प्रतिवेदनमा सरकारी बेरुजु कुल रकम रु. ६ खर्ब ६४ अर्ब ४४ करोड थियो, यस वर्ष २ प्रतिशत बढेको छ। २७ अर्ब १४ करोड ९५ लाख रूपैयाँ असुल गर्न पर्ने उल्लेख छ। यो रकम भनेको सेटिङ र गैह्र कानुनी रूपमा भएको खर्च हो । राज्य कोषबाट भएको खर्च बेरुजु हुनु पनि भ्रष्टाचार नै हो। सुशासन कायम गर्ने जिम्मा पाएको सरकार नै भ्रष्टाचार नियन्त्रण गर्न असफल भएको छ । आज अख्तियार दिवस मनाइरहँदा मुलुकको आर्थिक अनुशासन कायम गर्न नसकेको भयावह स्थिति छ । अतः यो दुर्दशाबाट मुलुकलाई जोगाउन हामी सबै नेपालीहरु आआफ्नो क्षेत्रबाट आर्थिक अनुशासन कायम गर्दै सम्बृद्ध नेपाल सुखी नेपाली बन्ने संवैधानिक उद्देश्य पूर्तिमा लागौं अन्यथा हाम्रो भविष्य अन्धकार हुने छ अस्तु।

# लमजुङमा १९ उद्योग खारेज

**पोखरापत्र संवाददाता**

**लमजुङ, २७ माघ**

यहाँ घरेलु तथा साना उद्योग कार्यालय लमजुङले १९ घरेलु उद्योग खारेज गरेको छ। यहाँ दर्ता गरेर उद्योग सञ्चालन नगर्ने र लामो समयसम्म नवीरकण नगर्ने उद्योग खोरज भएका हुन्।

आर्थिक वर्ष २०७८/७९ का छ महिनाका अवधिमा १९ उद्योग खारेज भएको कार्यालय प्रमुख मिता थापाले जानकारी दिनुभयो। उहाँका अनुसार यस अवधिमा ५२१ वटा नयाँ उद्योग दर्ता भएको छ। त्यस्तै सोही अवधिमा १८८ घरेलु उद्योगको नविकरण भएको छ । आर्थिक वर्ष गत आवको सोही अवधिमा ९७० नयाँ उद्योग दर्ता भएको छ। ३६९ उद्योग नवीकरण भएको थियो । सो कार्यालयले अघिल्लो आव २०७६/७७ मा ११ उद्योग खारेज गरेको थियो। सो अवधिमा ६६९ नयाँ उद्योग दर्ता र २३७ उद्योग नवीकरण भएको घरेलु कार्यालयले जनाएको छ । आव २०७५/७६ मा छ उद्योग खारेज भएको उक्त कार्यालयले जनाएको छ । उक्त आर्थिक वर्षमा ४६८ नयाँ उद्योग दर्ता भएका र २७० उद्योगको नवीकरण भएको थियो । सो कार्यालयका अनुसार आव २०७४/७५ मा १० वटा उद्योग खारेज गरिएको थियो।

सो अवधिमा २७६ नयाँ उद्योग दर्ता र १६४ उद्योग नवीकरण भएको घरेलु कार्यालयको तथ्याङ्कमा छ। त्यस्तै आव २०७३/७४ मा आठ उद्योग खारेज भएका थिए। उक्त आवमा २०९ नयाँ उद्योग दर्ता भएका र १७३ उद्योगको नवीकरण भएको थियो। त्यस्तै वाणिज्यतर्फ आव २०७८/७९ को साउनदेखि पुससम्म ५२ वटा वाणिज्य दर्ता खारेज भएको उक्त कार्यालयले जनाएको छ। कार्यालयका अनुसार यस अवधिमा ३१३ नयाँ दर्ता भएका छन् भने २८८ वाणिज्यको नवीकरण भएका छन्। त्यस्तै आव २०७७/७८ मा ६१ वाणिज्य दर्ता घरेलु कार्यालयले खारेज गरेको छ । त्यस्तै ६४० नयाँ वाणिज्य दर्ता भएको र ५५८ वाणिज्यको नवीकरण भएको छ।

कार्यालयका अनुसार आव २०७६/७७ मा २५ वटा वाणिज्य दर्ता खारेज भएको थियो । त्यस्तै ७६२ वटा नयाँ दर्ता र ३२० वटा नवीकरण भएको थियो । आव २०७५/७६ मा २३ वाणिज्य दर्ता खारेज भएको थियो।

# ५१ पशुपक्षी फार्मलाई अनुदान

**पोखरापत्र संवाददाता**

**म्याग्दी, २७ माघ**

भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दीले चालु आर्थिक वर्ष २०७८/७९ मा तीनवटा कार्यक्रममार्फत ५१ वटा पशुपक्षी फार्मलाई अनुदान उपलब्ध गराउने भएको छ।

साना पशुपक्षी तथा मत्स्य व्यवसाय फार्म विस्तार तथा स्थापना गर्न ४०, नयाँ मत्स्य पोखरी निर्माणका लागि सात र माछा, मासु तथा डेरी पसल निर्माण सुधारका लागि चारवटा फार्म छनोट भएका हुन् । केन्द्रबाट उनीहरूले रु ५८ लाख ५० हजार अनुदान पाउने भएका छन्। केन्द्रका सूचना अधिकारी तथा पशु सेवा प्राविधिक सुभास रेग्मीले छनोट भएका ५१ वटा फार्मका सञ्चालकसँग अनुदान उपलब्ध गराउने सम्झौता गरिसकेको जानकारी दिनुभयो । “सार्वजनिक सूचना जारी गरेर प्राप्त भएको आवेदनको स्थलगत मूल्याङ्कन गरेर कार्यविधिअनुसार छनोट र सम्झौता गरिएको हो”, उहाँले भन्नुभयो, “कूल लागतको ५० प्रतिशत अनुदान उपलब्ध गराउने र आधा रकम सञ्चालकले ब्यहोर्नुपर्ने सम्झौता छ।” कूल रु ५२ लाख ५० हजार बजेट विनियोजन भएको साना पशुपक्षी फार्म विस्तार तथा स्थापना कार्यक्रमका लागि १५८ वटा आवेदन परेको थियो। रु दुई लाख बजेट विनियोजन भएको नयाँ मत्स्य विकास कार्यक्रम र रु चार लाख बजेट रहेको माछा, मासु तथा डेरी पसल निर्माण सुधार कार्यक्रममा आठ-आठवटा आवेदन परेका थिए।

बाख्रा, गाईभैंसी, बङ्गुर, कुखुरापालनका पुराना फार्मको क्षमता विस्तार र नयाँ फार्म स्थापना गर्न रु एक लाख ३२ हजार २५० का दरले अनुदान पाउने केन्द्रका प्रमुख जीवनप्रसाद आचार्यले बताउनुभयो । नयाँ मत्स्य पोखरी निर्माणका लागि रु ५० हजारका दरले र मासु, डेरी पसलले रु एक लाखका दरले अनुदान पाउने भएका छन्।


**प्रदेश सरकार**

**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**

**प्रदेश संग्रहालय**

**गण्डकी प्रदेश पोखरा, नेपाल**

## पुनः सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०७८/१०/२८**

**यस कार्यालयको लागि आ.व. २०७८/०७९ मा तपशिल बमोजिमको सामाग्री खरिद र जडान सिलबन्दी दरभाउपत्रको मिति २०७८/०९/३० को पोखरापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार आव्हान गरिएको सिलबन्दी दरभाउपत्र रद्ध भएको हुँदा सोही कार्यको लागि पुनः दोस्रो पटक सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । अन्य विस्तृत जानकारी यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।**

**तपशिल**

| सि. न. | ठेक्का नं. | कामको विवरण | बोलपत्र जमानत रकम | फारम दस्तुर | ल.ई.रकम (मु.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | PM/KASKI/SQ/G/02/ 2078/079 | प्रदर्शनी कक्षमा शोकेश खरिद तथा जडान | २४,०००।– | १,०००।– | ८,१०,०००।– | सिलबन्दी दरभाउपत्र |

# पाडीबाच्छी हुर्काउने किसानलाई अनुदान

–सानेबहादुर नेपाली
तनहुँ, २६ माघ

पशुपालनलाई व्यवसायीकरणतर्फ उन्मुख बनाउनका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले किसानलाई प्रेरित गर्ने कर्यक्रम अघि सारेको छ ।

तनहुँलाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाई गाईभैंसीको आयात प्रतिस्थापन गर्ने उद्देश्यसहित केन्द्रले पाडीबाच्छी हुर्काउने किसानलाई प्रेरित गर्ने कर्यक्रम अघि सारेको हो । "यो कार्यक्रमअन्तर्गत एक वर्षदेखि दुई वर्षसम्मको पाडीबाच्छी हुर्काए वापत किसानलाई रु १० हजारका दरले अनुदान दिइने छ", केन्द्रका प्रमुख डा बालकुमार श्रेष्ठले भन्नुभयो, ."किसानलाई अनुदान दिएपछि पाडीबाच्छी हुर्काउन सहज भएको छ ।" उहाँका अनुसार पाडीबाच्छी हुर्काउने किसानलाई अनुदान दिन चालु आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारबाट रु १० लाख बजेट विनियोजन भएको छ । "अनुदान पाउनका लागि कृत्रिम गर्भाधानबाट जन्मिएका पाडीबाच्छी हुनुपर्छ", उहाँले भन्नुभयो, "एक किसानलाई बढीमा पाँच वटा पाडीबाच्छीसम्म हुर्काउन रु ५० हजार प्रोत्साहन रकम प्रदान गरिएको छ ।" चालु आर्थिक वर्षका लागि करिब १०० वटा पाडीबाच्छी हुर्काउनका लागि गण्डकी प्रदेश सरकारबाट रु १० लाख बजेट प्राप्त भएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "पाडीबाच्छी हुर्काउनका लागि लामो समय पाल्नुपर्ने र खर्चिलो हुने भएकाले किसानलाई प्रोत्साहन गरिएको हो ।"

कोरोना भाइरस सङ्क्रमण बढ्दो जोखिमसँगै पछिल्लो समय युवा पुस्ता कृषि एवं पशुपालनतर्फ आकर्षित भएका छन् । कृषि तथा पशुपालनमा केन्द्रले कार्ययोजना बनाई अनुदान दिन थालेपछि धेरैजसो सर्वसाधारण कृषि तथा पशुपालनमा आकर्षित भएको ठम्याई केन्द्रको छ । बाँझो जमिनमा घाँस लगाई जग्गा भाडामा लिई कृषि तथा पशुपालन गर्ने जमात बाक्लिदै गएको छ । यसले कृषि तथा पशुपालनमा क्षेत्रमा प्रतिस्पर्धासँगै व्यवसायिकतातर्फ उन्मुख रहेको विश्वास केन्द्रले गरेको छ । अनुदानले किसानलाई राहत र उत्साहित बनाएको छ । पाडीबाच्छी लोप हुँदै जाँदा दुग्ध उत्पादनमा समेत असर पर्ने भएकाले यसको संरक्षण एवं सम्वर्द्धन गर्न लागिएको प्रमुख श्रेष्ठको भनाइ छ । जिल्लाको बन्दीपुर, व्यास नगरपालिका र भानु नगरपालिकामा पाडीबाच्छी हुर्काइ स्रोत केन्द्र स्थापना गरिएको हो । गत आर्थिक वर्षमा जिल्लाका १८१ किसानले ३०८ वटा पाडीबाच्छी हुर्काउँदा लाभान्वित भएका थिए । उक्त कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा बाख्रा तीन लाख ८७ हजार, भैंसी ५६ हजार ४७२, गाई ५१ हजार र भेडा ७०० छन् । पछिल्लो समय गाईको सङ्ख्या घट्दै गएको जनाइएको छ । त्यसैगरी पछिल्लो समय बट्टाई, कालिज, टर्की, लोकल कुखुरा, लेयर्स कुखुरापालनतर्फ किसानको आकर्षण बढ्दै गएको सो कार्यालयले जनाएको छ । जिल्लामा पशुपालन किसानको वृद्धिसँगै दूध, मासु र अण्डामा आत्मनिर्भर बन्न सफल भएको प्रमुख डा श्रेष्ठले जानकारी दिनुभयो । माछामा समेत जिल्लालाई आत्मनिर्भर बनाउनका लागि प्रक्रिया अघि बढाइएको सो कार्यालयले जनाएको छ ।

यसैगरी कार्यालयले पशु सेवातर्फ कृतिम गर्भाधान, पशु बिमा, पशुबस्तुमा लाग्ने रोगको उपचार, औषधी वितरणजस्ता कार्यहरु सञ्चालन गर्दै आएको छ । व्यावसायिक पशुपालनलाई प्रोत्साहन गर्ने, घाँसको बिऊ वितरण गर्ने, नश्ल सुधार गर्नेजस्ता कार्यक्रमहरुलाई प्राथमिकतामा राखी स्रोत विनियोजन परिचालन गरिएको केन्द्रले जनाएको छ । पशुपालनलाई व्यवसायीकरण गर्ने प्रयोजनका लागि अनुदानका कार्यक्रमहरु सञ्चालन गरिएको प्रमुख डा. श्रेष्ठको भनाइ छ ।

# रामबजार जेष्ठ नागरिक मिलन केन्द्रलाई सहयोग

पोखरापत्र संवाददाता
पोखरा, २७ माघ



रामबजार जेष्ठ नागरिक मिलन केन्द्र रामबजारलाई युकेबाट घर बिदामा आउनु भएका नरजंङ गुरुङबाट सहयोग हस्तान्तर कार्यक्रम मिलन केन्द्रको सभाहलमा सम्पन्न भयो ।

कार्यक्रममा जेष्ठ नागरिक मिलन केन्द्रका अध्यक्षले क्या. थमान सिंह थापाले युकेबाट घरायसी काममा आउनु भएका नरजंङ गुरुङलाई स्वागत र सम्मान गर्नुहुँदै मिलन केन्द्र स्थापना देखी हालसम्म भएका कामको बिषयमा जानकारी गराउनुहुदै नरजंङ गुरुङले हरेक पटक नेपाल आउने समयमा सहयोग गर्दै आउनुहुने क्रममा आज पनि पाँच हजार रूपैयाँ सहयोग हस्तान्तर गर्नुभएकोमा धन्यबाद दिनुभयो ।

कार्यक्रममा जेष्ठ नागरिक मिलन केन्द्रका सहयोगी पोखरा ९ नागढुङ्गा घर भै युकेमा रहनु भएका नरजंङ गुरुङले हाल जेष्ठ नागरिक मिलन केन्द्र भएको स्थानको बारेमा सबै जेष्ठ बुबा आमाहरूलाई अभिवादन गर्दै आजभन्दा २३ बर्ष पहिले सिताटोल आमा समुहसँग रातभरि मादल बजाउदै नाच्दै गरि रकम जम्मागरि प्रतीक्षालय बनाएको त्यो क्षणको याद दिलाउदै आज जेष्ठ नागरिक बुबा मुमा भेटघाट गर्ने मिलन केन्द्रको स्थापना भएकोमा खुसि ब्यक्त गर्नुहुदै सानो सहयोग गरेको बताउनु हुदै मिलन केन्द्रको सफलताको कामना दिनुहुँदै माघ २८ गते हुने आफ्नो ससुरा चिना लामाको एकसय बर्ष पुगेको अवसरमा दिनको २ बजे सबैलाई प्रसाद ग्रहणको लागि चुल्यनिम्तो दिनुभयो । उक्त कार्यक्रममा वडा समिति कार्यालय वडा न १० का वडा सदस्य सम्मर बहादुर श्रेष्ठ र वडा सदस्य प्रतिभा बिक पोखरेलले राम बजार क्षेत्रमा जेष्ठ नागरिक मिलन केन्द्र को स्थापनाले वडाकै नाम र इज्जत बढेको बताउदै मिलन केन्द्रमा परेका हर समस्या समाधान गर्न आफूहरू सधै लागीपर्ने बताउनु भएको उक्त कार्यक्रममा मिलन केन्द्रका डिजाइनर महेश गुरुङ लगायतका ब्यक्तिहरूले आ आफ्नो बिचार राख्नु भएको कार्यक्रममा मिलन केन्द्रका उपाध्यक्ष माया गुरुङ ( भुजेल )ले स्वागत गर्नुभएको कार्यक्रममा केन्द्रका अध्यक्ष क्या. थमान सिंह थापाको सभापतित्वमा सम्पन्न कार्यक्रमको केन्द्रका सदस्य जीवन श्रेष्ठले संचालन गरेको थियो ।

# लेखनाथ सहकारीको स्थापना दिवसमा विद्यालयलाई सहयोग

महेन्द्र ढुंगाना
लेखनाथ, २७ माघ



पोखरा महानगरपालिकाको वडा नं २६ को अर्घौचोकमा रहेको लेखनाथ बचत तथा ऋण सहकारी सस्थाको १० औं वार्षिकोत्सव तथा १४ औं स्थापना दिवसको अवसर पारेर विद्यालयलाई सहयोग गरेको छ ।

सहकारीका सात शिध्यान्त भित्रको सामाजिक उत्तरदाईत्व अन्तगत सस्थाले पोखरा २७ को अर्चलेमा रहेको कवि शिरोमणि आधारभुत विद्यालयका विद्यार्थीहरुको लागि दिवा खाजामा सहयोग पुग्ने गरि ५० हजार सहायोग गरेको हो ।

सहकारी यसभन्दा अगाडी स्थापना दिवसको अवसरमा यसै गरि अन्य सामाजिक क्षेत्रमा पनि सहयोग गर्दै आएको थियो । उत्त सहयोग रकमको चेक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र पौडेल र प्रअ गुरु प्रसाद सापकोटालाई जिल्ला सहकारी संघ कास्कीकी अध्यक्ष सावित्रा कोईरालाले हस्तान्त्रण गर्नु भएको हो । कार्यक्रममा बोल्दैजिल्ला सहकारी संघ कास्कीकी अध्यक्ष सावित्रा कोईरालाले सहकारी र समुदाय बिचको सम्बन्ध एक आपसमा अनिवार्य भएकाले सहकारीले आय आर्जनका क्षेत्रमा लगानी बढाउदै त्यसबाट आएको मुनाफाको केही रकम सामाजिक क्षेत्रमा सहायोग गर्न सके त्यसले समाजमा सकरात्मक शन्देस दिने सुभाव राख्नुभएको थियो । सस्थाका अध्यक्ष हरि बहादुर जिसीको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगरपालिका वडा नं २६ का वडा सदस्य रामकृष्ण जिसी,विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र पौडेल,जिल्ला सहकारी संघकी सदस्य अंविका आचार्य,सस्थाका पुर्व अध्यक्ष कुशलवावु लामिछाने लगाएतले सहकारीले सेयर सदस्यको आय आर्जन सहयोग पुग्ने खालका कार्यक्रम ल्याएर आर्थीक बृद्धिलाई बलियो बनाउनु पर्नेमा जोड दिनु भएको थियो ।

सस्थाका सचिव लेखनाथ सापकोटाले संचालन गरेको कार्यक्रममा स्वागत मन्तव्य उपाध्यक्ष विश्व प्रकाश वरालले र धन्यवाद कार्यक्रम संयोजक विष्णु कुमारी लामिछानेले गर्नु भएको थियो ।

# सहकारीको दूधलाई अनुदान

पोखरापत्र संवाददाता
बागलुङ, २७ माघ

बागलुङमा सहकारीमार्फत उत्पादनमा जोडिएका दुग्ध किसानले दूधमा प्रतिलिटर साढे दुई रुपैयाँ अनुदान पाउँदै आएका छन् । यसले गर्दा दुग्ध किसान उत्साहित भएका छन् । जिल्लामा सहकारीमार्फत जोडिएर बजारीकरण गर्दै आएका किसानलाई गण्डकी प्रदेश सरकारको बजेटअन्तर्गत भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बागलुङले गत वर्षदेखि प्रोत्साहनस्वरुप अनुदान दिन थालेको हो । आठ सहकारीमार्फत किसानलाई अनुदान दिइरहेको केन्द्रले जनाएको छ । अनुदान पाउनकालागितीसहकारीलेदैनिक २०० लिटर दूधको बजारीकरण गर्नुपर्ने मापदण्डमा उल्लेख गरिएको छ । जिल्ला दूधमा आत्मनिर्भर रहेको छ ।

किसानलाई दूध उत्पादनमा प्रोत्साहन गर्नका लागि गत आर्थिक वर्षदेखि दूधमा अनुदान दिन थालिएको केन्द्रका पशु अधिकृत केशव शर्माले जानकारी दिनुभयो । "गत वर्ष दूधमा अनुदान दिनका लागि रु ४१ लाख बजेट विनियोजन गरिएको थियो, तर जम्मा रु १८ लाखमात्रै अनुदान भुक्तानी भयो", उहाँले भन्नुभयो, "यस आर्थिक वर्षमा समेत आठवटा सहकारीका तिनै किसानलाई भुक्तानी गर्ने गरी रु १८ लाख नै बजेट व्यवस्थापन गरेका छौं, असारसम्म भुक्तानी भइसक्छ ।" दुग्ध सहकारीले किसानको दूधको रकम माग गरे चार–चार महिनामै मुक्तानी गर्न सकिने कार्यालयको भनाइ छ । दैनिक २०० लिटरभन्दा बढी दूधको कारोबार गर्ने बागलुङमा जम्मा आठ मात्रै सहकारी छन् । जिल्लाका १० पालिकामध्ये बागलुङ र जैमिनी नगरपालिका र काठेखोला गाउँपालिकाका किसानले मात्रै उक्त अनुदान सुविधा पाइहेका छन् । काठेखोलाको चार , बागलुङ र जैमिनी नगरपालिकाका दुई /दुई सहकारी मार्फत उत्पादित दूधमा अनुदान दिइएको पशु अधिकृत शर्माको भनाइ छ । दूधमा अनुदान पाउनका लागि मापदण्ड पुगेका आठ सहकारीले रु १८ लाख रकम प्राप्त गर्ने छन् । ती सहकारीले वार्षिक सात लाख ५० हजार लिटरभन्दा बढी दूधको उत्पादन र बजारीकरण गर्दै आएका छन् । दूधमा दिने अनुदान आगामी वर्षसमेतनिरन्तरतापाउनेभएकाले किसानलाई सहकारीमार्फत बजारीकरण गराउने दूधको परिणाम बढाउन केन्द्रले आग्रहसमेत गरेको छ ।

दूधको उत्पादनमा दिइने अनुदानले किसानलाई दूध ढुवानीका लागि सहज भएको जनाइएको छ । बागलुङ पशु स्रोत विकास फार्म तथा दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष दीपक गौतमले अनुदानबाट पशुपालक किसानलाई प्रत्यक्ष फाइदा पुगेको बताउनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १० अर्न्तगत नागिन टोलको वरपिपल चौतारा संरक्षण गर्न चौतरामा ढुङ्गा टाँसी माथी ढलान गर्ने कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः नागिनटोलमा वरपिपल चौतारी संरक्षण**
**स्थानः पोखरा–१०, नागिनटोल**
**योजना सम्झौता मिति : २०७८/०९/१८ गते**
**योजना सम्पन्न मिति : २०७८/१२/३० गते**
**योजनाको कुल लागत : रु. १,५७,४१८/७५**
**महानगरपालिकाबाट प्राप्त रकम : रु.१,५०,०००/–**
**जन सहभागितावाट : रु.७४१९/–**
**योजनामा कुल खर्चः १,६५,३१९/६७**
**उपभोक्ता समिति अध्यक्षः किरणप्रसाद भट्टचन**
**सचिवः सूर्य बहादुर बानिया कोषाध्यक्षः जीवन श्रेष्ठ**
**अनुगमन समितिः वडा सदस्य एवं संयोजक सम्मर बहादुर श्रेष्ठ**

**नेपाल रेडक्रस सोसाइटी**
**पोखरा–१०, उपशाखा**


# नदी नियन्त्रण योजना कार्यान्वयनमा

पोखरापत्र संवाददाता
म्याग्दी, २७ माघ

म्याग्दी जिल्लाको दोस्रो ठूलो व्यापारिक केन्द्र दरबाङ बजारमा नदी नियन्त्रण योजना सुरु भएको छ । मालिका गाउँपालिकाको केन्द्र समेत रहेको दरबाङलाई म्याग्दी नदीमा आउने बाढीको कटानबाट जोगाउन किनारमा पक्की पर्खाल निर्माण सुरु भएको हो । रु. एक करोड भन्दा बढीको लगानीमा दरबाङ बजार संरक्षण योजना सुरु गरेको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद रोकाले जानकारी दिनुभयो ।

"दुई वटा प्याकेजमा काम सुरु भएको छ", उहाँले भन्नुभयो "बर्खा अघिनै चैत महिनाभित्र नदी नियन्त्रणको काम सक्ने लक्ष्य सहित ठेकेदार परिचालन भएका छन् ।" गाउँपालिकाले यसका लागि चालु आर्थिक वर्षमा रु. एक करोड बजेट विनियोजन गरेको थियो । प्रतिस्पर्धाका आधारमा कार्यशक्ति कन्ट्रक्सन काठमाडौले रु. ६४ लाखमा ठेक्का सम्झौता गरेको छ । गाउँपालिकाका इन्जिनीयर नमोनारायण ढुङ्गानाले ५६ मिटर लामो र सात मिटर अग्लो आरसिसी पक्की पर्खाल निर्माण गर्न लागिएको बताउनुभयो । गत मङ्सिर २८ गते सम्झौता गरेका ठेकेदारले नदी किनारमा पर्खाल निर्माणका लागि खोलाको पानी डाइभर्सन गरेर जग खन्न सुरु गरेका छन् । गत वर्ष हिमालयन बिल्डर्स एण्ड कन्ट्रक्सनले रु. ५६ लाखमा ठेक्का लिएको ४२ मिटर लामो र सात मिटर अग्लो आरसिसी पर्खाल निर्माण गर्ने योजनालाई पनि यसै वर्ष पूर्णता दिन म्याद थप भएको छ । सो योजनाका लागि रु. ८० लाख बजेट विनियोजन भएकोमा हिमालयन बिल्डर्सले रु. ५६ लाखमा ठेक्का स्वीकार गरेको थियो । गत असार १ गते म्याग्दी नदीमा बाढी आएपछि पर्खाल निर्माणको काम रोकिएको थियो । निर्माणाधिन पर्खालमा क्षति पुऱ्याएको बाढीले बजारतर्फ कटान गरेर एक वटा घर, जनप्रिय माविको भवन र खेलमैदान भत्किएको थियो । थप कटान हुन नदिन म्याग्दी नदी किनारको जोखिमयुक्त सबै भागमा पक्की पर्खाल निर्माण गर्न लागिएको वडाध्यक्ष सन्तोष सुवेदीले बताउनुभयो ।

आर्थिक वर्ष २०७६/७७ मा मालिका गाउँपालिकाको रु. ५५ लाख र सङ्घीय सांसद भुपेन्द्रबहादुर थापाको सिफारिसमा स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमअन्तर्गत रु. २५ लाखको बजेटबाट उपभोक्ता समितिमार्फत ४५ मिटर लामो, ७ मिटर अग्लो र ५० सेन्टिमिटर बाक्लो आरसिसी पक्की पर्खाल निर्माण भएको थियो । करिब तीन सय घरधुरीको बसोबास रहेको दरबाङ बजार पश्चिमतर्फबाट बगेर आउने म्याग्दी नदीको कटानको जोखिममा छ । विसं २०७६ सम्म हिउँदमा ग्याबीयन पर्खाल निर्माण गर्ने र बर्खामा बाढीले बगाउने समस्या थियो । २०७७ मा निर्माण भएको आरसिसी पर्खाल कटान रोकथाममा प्रभावकारी बनेपछि सोही प्रविधिको पर्खाल बनाउने योजनालाई निरन्तरता दिएको वडाध्यक्ष सुवेदीको भनाइ छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः २०१८/०५/२२ गते

स्वर्गारोहणः २०७८/१०/२२ गते

स्व. बल बहादुर जलारी

**यस ज्ञानमार्ग स्वतन्त्र महिला समुहका सदस्य विमला जलारीको प्रात स्मरणीय पति बल बहादुर जलारीको असामयीक निधन भएको आज सातौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।**

**लक्ष्मी ताम्राकार**
**अध्यक्ष तथा**
**ज्ञानमार्ग स्वतन्त्र महिला समुह परिवार**
**नदीपुर, पोखरा–३**